# सार्वजनिक सुनुवाई दोस्रो चौमासिक प्रतिवेदन

## आर्थिक वर्ष २०८१।०८२

## ढोरपाटन नगरपालिका

## बुर्तिबाङ, बागलुङ

प्रा. ५२.
२०८२।२।१५

ढोरपाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुर्तिबाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

## सार्वजनिक सुनुवाई रिपोर्ट ढोरपाटन नगरपालिका दोश्रो चौमासिक २०८१/०८२

सार्वजनिक सुनुवाई कार्यक्रम विशेषत : ढोरपाटन नगरपालिकाको समग्र पालिका तथा वडामा आर्थिक बर्ष २०८१/०८२ मा विनियोजन बजेट तथा योजना कार्यक्रमका सन्दर्भमा पालिकाका नागरीकले पालिकाको कार्यक्रम थाहा पाउन र वडा तथा पालिकामा भइरहेका गतिविधीमाथि नागरीकले आफनो सुझाव, सल्लाह, गुनासो एवम प्रतिकृया राख्न पाउने अधिकारको सुनिश्चत गर्नका निम्ती सार्वजनिक सुनुवाई कार्यक्रम भएको छ । चौमासिक रुपमा हुनुपर्ने सार्वजनिक सुनुवाई कार्यक्रमलाई पालिका स्तर अर्न्तगत रहेको विभिन्न फरक फरक प्रत्यक चौमासिकमा गर्दै गर्दा दोश्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम वडा नम्बर १ बुर्तिबाङमा सम्पन्न भएको छ ।

यो कार्यक्रमले जनता र जनप्रतिनिधी तथा सेवा प्रवाह गर्ने निकाय विचको दुरी नजिक बनाउँदै पालिका तथा वडा तहबाट भइरहेका गतिविधीमाथि जानकारी राख्न पाउने र कहिँ कतै जनताको समस्या सम्वोधन हुन नसकेका अनियमितता कानुन विधी पद्धती वाहिर रहेका गतिविधीलाई सुधार गरी समृद्ध ढोरपाटन नगरपालिका निर्माण अभियानमा सार्वजनिक सुनुवाई कार्यक्रमले महत्वपूर्ण सहयोग पुऱ्याउने अपेक्षा लिइएको छ । जनताको मनभित्र दविएका र दवाईका वास्तविक समस्या र गुनासो पोख्ने माध्यमका रुपमा समेत यो कार्यक्रमले टेवा पुऱ्याएको छ ।

### कार्यक्रमको पृष्ठभुमी:

सेवा प्रदायक सरकारी निकाय र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गरी नगरपालिकाका जनता अर्थात सेवाग्राहीलाई समग्र विकास प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराउने, नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वजेट कार्यान्वयनको अवस्था र कार्यालयले प्रदान गर्ने सेवा सम्बन्धमा पारदर्शिता कायम गरी जनता प्रतिको उत्तरदायित्व, जिम्मेवारी र जनप्रतिनिधिहरुको जवाफदेहिताको पद्धतिलाई विकास गर्न साथै विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउने उद्धेश्यका साथ ढोरपाटन नगरपालिका सार्वजनिक सुनुवाई कार्यविधी २०८१ ले निर्देश गरे बमोजिम ढोरपाटन नगरपालिकाको कार्यालय र सामुदायिक रेडियो ढोरपाटन १०४.१ मेगाहर्ज बीच भएको सम्झौता अनुसार यही मिति २०८२/०२/१० गते शनिबार ढोरपाटन नगरपालिका वडा नम्बर १ बुर्तिबाङ बजारमा सार्वजनिक सुनुवाई कार्यक्रम दोश्रो चौमासिक सम्मको सम्पन्न गरिएको छ । कार्यक्रममा वडा

नम्बर १ देखि ९ सम्मका नागरिक,जनप्रतिनिधी, राजनैतिक दलका प्रतिनिधी, शिक्षक, विद्यार्थी, कर्मचारी,महिला, लक्षित वर्ग, उपभोक्ता, टोल विकास समितीका पदाधिकारीको प्रत्यक्ष सहभागिता रहेको हो ।

जनताका आशा, अपेक्षा, जनताको रचनात्मक सुझाब , भइरहेका विकास निर्माण र पालिकामा भइरहेका प्रभावकारी काम र जनताका प्रतिनिधीको ध्यान पुग्न नसकेको क्षेत्रको विषयमा जनताको माध्यमबाट त्यस क्षेत्रको विकाश र समृद्धि हासिल गर्ने र जनप्रतिनिधीको भुमिका लाई थप ध्यानाकर्षण गराउँदै जनता र जनप्रतिनिधी एवम स्थानिय सरकारको दायित्व र भुमिकालाई नजिक ल्याउने उदेश्य स्वरुप तमानखोला गाउँपालिकाको ९ वटै वडाका नागरिकलाई सहभागि गराउने र उनिहरुको सुझाब, सल्लाह, प्रतिकृयालाई समेटदै थप समुन्नत ढोरपाटन बनाउने अभियानमा सक्रिय रुपमा अपनत्व गराउँदै टोलटोलमा पुगेर नागरिक प्रतिवेदन र पालिका कार्यालयमा पुगेर सेवा ग्राही नागरिकबाट वर्हिगमन अभिमत तयार गरिएको हो । साथै जनता र जनप्रतिनिधी विच छलफल, भेटघाट एवम सुझाब, सल्लाह, अपेक्षा, तथा जनप्रतिनिधी विचको धारणा सँकलन गरी जनताले पाउनु पर्ने सुचनाको हक र जनताको बोल्न पाउने अधिकारलाई सुनिश्चित गर्दे वडा नम्बर १ मा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ ।

## उद्देश्य :

नगरपालिका तथा वडा तहको कार्यालयवाट संचालित आर्थिक वर्षको दोश्रो चौमासिक सम्मको विकास, कार्यक्रमबाट उपलब्ध प्रगति, पालिकाको कार्यालयबाट प्राप्त सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरीक एवम कृषकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र उनीहरुबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी भावि योजना निर्माणको क्रममा पालिकावासीले देखाएको चासो र चिन्ता प्रति संवेदनशिल हुने उद्धेश्य यो सार्वजनिक सुनुवाई कार्यक्रम थप परिमार्जित रुपले सञ्चालन गरीएको छ ।

कार्यक्रममा समग्र नगरपालिकामा भइरहेको काम, जनप्रतिनिधीको भुमिका, विकास निर्माण र अवका दिनमा सुधारोन्मुख पक्ष र सुधार गर्नुपर्ने पक्षका विषयमा स्थानिय क्षेत्रका नाागरीकको आवाज जस्ताको त्यस्तै सँकलन गर्ने, जनप्रतिनिधीलाई ध्यानाकृष्ट गराउँदै जवाफदेहि बनाउने स्थानिय सेवा ग्राही नागरीकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी भावि योजना निर्माणको क्रममा सम्बन्धित पालिका तथा जनप्रतिनिधी र कर्मचारीलाई जनताको चासो, चिन्ता र उनिहरुको सुझाब सल्लाह एवम सकारात्मक भनाईको विषयमा जानकारी गराउँदै नागरीकको चासो र चिन्ता प्रति संवेदनशिल बनाउँदै आगामि दिनमा यस पालिका र वडा

तहमा विकास र जनताको निम्ती हरेक क्षेत्रमा पाउनु पर्ने सेवा सुविधाको विषय प्रभाबकारी बनोस भन्ने हो ।

साथै निकै सँघर्षका साथ जनताको निम्ती र ग्रामिण क्षेत्रको विकाशका निम्ती ढोरपाटनका नागरीकको हक, अधिकार र समृद्धिको क्षेत्रमा विकास भयो या भएन, स्थानिय तह पहिले र अहिलेको अवस्था लगाएतका सन्दर्भमा कार्यक्रम प्रभाबकारी र पारदर्सि भयो या भएन भन्ने बिषय मुख्य उदेश्य अर्न्तगत रहेको छ । सार्वजनिक थलोमा सेवाग्राही नागरीक, कृषक, युवा वर्ग, लगाएत कृषकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र उनीहरुबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी भावि योजना निर्माणको क्रममा पालिकावासीले देखाएको चासो र चिन्ता प्रति संवेदनशिल हुने उद्धेश्य यो सार्वजनिक सुनुवाई कार्यक्रम परिमार्जित रुपले सञ्चालन गरीएको छ ।

**कार्यक्रमको मिति र स्थान :**

ढोरपाटन नगरपालिकाको कार्यालयसंगको सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक चौमासीक मा एक वटा सार्वजनीक सुनुवाई गर्ने नियम अनुसार यस चौमासिकको सार्वजनिक सुनुवाईका कार्यक्रम निम्न मिति र समयमा निम्न बमोजिम सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ ।

**कार्यक्रम सम्पन्न मिती समयर स्थान :**

२०८२ जेठ १० गते वडा नम्बर १ बुर्तिबाङ बजार स्थित दरबार होडलको गण्डकी हलमा सम्पन्न भएको हो ।

**कार्यक्रम संचालन प्रकृया:**

सार्वजनिक सुनुवाई कार्यक्रम संचालनको लागि निम्न प्रकृया अवलम्वन गरिएको थियो ।

क)नगरपालिका, वडा कार्यालय र विषयगत तथा वजेट कार्यान्वयनका सन्दर्भमा जनता सँग पुगेर नागरिक प्रतिवेदन,बर्हिगमन अभिमत संकलन गर्दे सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन हुनुपुर्व १५ दिन अगाबै त्यसको तयारी गर्ने, रेडियो, अनलाईन र सामाजिक सञ्जाल फेसबुक मार्फत सुचना प्रवाह गर्ने, प्रत्यक वडाका जनप्रतिनिधी, टोल विकास संस्थाबाट

सार्वजनिक सुनुवाई कार्यक्रमको विषयमा जानकारी गराउँदै औपचारिक कार्यक्रमको विषयमा जानकी सहित कार्यक्रम सम्पन्न गरिएको छ ।

ख) सहभागिहरुको छनौट र उपस्थिति ।

ग) प्रचार प्रसार (सुचना संप्रेषण) ।

घ) सहजकर्ता (मोडरेटर) को छनौट

ङ) गत आ.व.को सार्वजनिक सुनुवाईको प्रतिवेदन अध्ययन र यस आर्थिक वर्षको हालसम्मको प्रगति

च) कार्यक्रम स्थलको तयारी ।

छ) कार्यक्रमको बारेमा जानकारी ।

ज) आचार संहिताको बारेमा जनकारी ।

झ) सहभागीहरुबाट तोकिएको बिषयमा मौखिक प्रश्नहरु संकलन र तत्काल सवाल जवाफको वातावरण निर्माण

ञ) कार्यालयका जिम्मेवार पदाधिकारीहरुले स्पष्ट पार्ने

ट) स्पष्टता पछि थप जिज्ञासाको आह्वान

## वर्तमान अवस्थामा ढोरपाटन नगरपालिका :

बागलुङ जिल्लाको दुर्गम भेगको रुपमा हेरिँदै आएको ढोरपाटन नगरपालिका साविक चार गाविस मिलेर बनेको छ । पहाडि भुभागमा रहेको यस पालिकामा ब्राहमण, क्षेत्री, दलित, जनजाती,लगाएत विभिन्न जातजातीका मानिसहरु मिलेर बस्दै आएका छन । विकासका पुर्वाधार शिक्षा, स्वास्थ्य, सडक खानेपानी,पोषण, पर्यटन, सञ्चार क्षेत्रमा समेत पछि परिरहेको पालिका स्थानिय तह सँरचना पश्चात निकै अगाडी बढिरहेको पाइएको छ । बुर्तिबाङ, खुँगा, अधिकारीचौर र बोबाङ गाविस मिलेर वनेको ९ वडा सहित ढोरपाटन नगरपालिका हो ।

स्थानिय तह पुनर सँरचना पश्चात जनताको अति आवस्यक सेवा सुविधा र विकास निर्माणलाई जोड दिएको नगरपालिकाले खानेपानीको पहुँच करिब ९० प्रतिशत जनता माझ पुर्‍याएको छ। शिक्षा, सञ्चार, यातायात, सरसफाई, सचेतना, पूर्ण खोप,स्वास्थ्य क्षेत्रलाई समेत महत्वपूर्ण प्राथमिकता दिइरहेको पाइएको छ। यस वर्ष नगरपालिकाले स्वास्थ्य क्षेत्रको विकास, पूर्ण खोप यूक्त पालिका घोषणा, स्वास्थ्य संस्थामा सुत्केरी हुने परिपाटीको विकास, पोषण मैत्री पालिका अर्न्तगत सरसफाई, ढोरपाटन उपत्यकाको पर्यटन प्रर्वधन र विकास, ग्रामिण क्षेत्रमा सफक विस्तर र सरसफाई, पालिकालाई विषादी मुक्त पालिका बनाउने अभियान रहेको, ९०० कृषकलाई विउपल वितरण, १७०० नागरिकको नसर्ने रोगको चेकजाँच, पूर्ण खोप पालिका घोषणा गरिएको पाइएको छ।

## सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागिता:

उल्लेखित सार्वजनिक सुनुवाई कार्यक्रममा निम्नानुसारको सहभागिता रहेको थियो।

. नगरपालिका कार्यालयको पालिका स्तरीय सार्वजनिक सुनुवाई कार्यक्रममा जम्मा सहभागिता ९१ जनाको सहभागिता रहेको थियो।

## कार्यक्रम सञ्चालन सहभागिता र प्रतिनिधित्व

ढोरपाटन नगरपालिका वडा नं.१ मा दोश्रो चरणको पालिका स्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको हो। वडा नम्बर १ का अध्यक्ष वान बहादुर छन्त्यालको अध्यक्षतमा आयोजीत रहेको कार्यक्रम जेठ १० गते सम्पन्न उक्त सार्वजनिक सुनुवाई कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत चिरञ्जिवी घिमिरे, वडा नम्बर २ का अध्यक्ष भेग बहादुर खत्री वडा नम्बर ३ का अध्यक्ष खिम बहादुर बिक, वडा नम्बर ६ का अध्यक्ष उमेश बुढा मगर, कार्यपालिका सदस्य, वडा सदस्य, कार्यालयको तर्फदेखि योजना शाखा प्रमुख प्रकाश गैरे, इलाका प्रहरी कार्यालय बुर्तिबाङका प्रमुख आनन्द वस्नेत, शिक्षा यूवा तथा खेलकुद शाखा प्रमुख गणेश बहादुर रावल ,स्वास्थ्य शाखा प्रमुख भुमिश्वर शर्मा,प्राविधिक तेजेन्द्र भुसाल, न्यायिक सहजकर्ता पुनम के.सी., सुचना प्रविधी अधिकृत किरण सापकोटा, रोजगार संयोजक हिरालाल खनाल, प्रशासन शाखा अञ्जु कुवँर, पशुसेवा शाखा दल बहादुर शाही, लेखा शाखा नेत्र काफले लगाएतको उपश्थिती र सहभागिबाट उठेका प्रश्नको जवाफ दिनुभएको हो।

वडा नम्बर ६ का अध्यक्ष उमेश बुढाको स्वागत रहेको कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत चिरञ्जिवी घिमिरेले आर्थिक बर्ष २०८१/०८२ को दोश्रो चौमासिक सम्मको प्रगती प्रतिबेदन, बजेटको अवस्था, योजना सम्झौता र भुक्तानी प्रकृया तथा पालिकाले गरिरहेका राम्रा कामको सन्दर्भमा प्रतिबेदन प्रस्तुत गर्नुभएको हो । जसमा पालिकाको ६० करोड ९६ लाख ४५ हजार मध्ये ४३ करोड ३८ लाख ६७ हजार रुपैयाँ खर्च भएको पाइएको छ ।

जसमा चालु तर्फ ६४.२० प्रतिशत र पूजिगत तर्फ ५७.९२ प्रतिशत खर्च भएको हो । १७६ वटा भौतिक तर्फका योजना मध्ये १७२ योजना सम्झौता भइ १२२ वटाको भुक्तानी तथा फरफारक भएको पाइएको छ । ५० योजनाको काम सम्पन्न तथा फरफारक गर्न बाँकी रहेको बताइएको हो ।

संघिय सरकारबाट पोषणमैत्री पालिका बनाउन बजेट विनीयोजन भएका कारण पोषण मैत्री पालिका बनाउने काममा लागी परेको बताउनु भएको थियो । न्यायिक समितीमा ४२ वटा उजुरी परेकोमा १० वटाको मेलमिलाप भई ३२ फर्छ्यौट हुन बाँकी रहेको प्रतिवेदनमा उल्लेख छ । शिक्षा, स्वास्थय, खानेपानी, पोषण, सरसफाई, कृषि र पशुपालन क्षेत्रतर्फ पालिकाको तर्फबाट राम्रो उपलब्धी मुलक काम भएको जनाइएको हो ।

## खुल्ला सत्रमा सहभागिको प्रतिकृया

१ खुल्ला सत्रमा सहभागिको तर्फदेखि ज्ञान प्रसाद कँडेलले जनप्रतिनिधी सर्वाजनिक सुनुवाई जस्ता महतवपूर्ण कार्यक्रम लगाएत अन्य कार्यक्रममा जिम्मेवार नहुने र दायीत्व बोध नभएको पाइएको बताउनु भयो । पालिकाले विकास योजना बनाउदा प्रभावकारी बनाउनुपर्ने ।भू वर्गिकरण भएपछि अर्न्तक्रिया गरेर वडा र सचिवलाई जिम्मेवारी बनाई जानकारी गराउनु पर्ने बजार अनुगमनका क्रममा नगरप्रहरीबाट जवरजस्ती भएका कारण सम्मेमित तरिकाले समोन्य गरिनुपर्ने, सडक मिचेर गाडी धुने, सामान राख्ने गरिएका कारण कार्वाही प्रकृया अगाडी बढाउनु पर्ने सुझाव व्यक्त गर्नुभयो ।

पदम बहादुर छन्त्यालले पुराना र नयाँ दुबै थरिका शिक्षकलाई पाठ्यक्रम परिमार्जन हुँदै जाँदा तालिमको व्यवस्थापन गरिनुपर्ने, बसपार्कमा सार्वजनिक सौचालय बनाउनु पर्ने, बुर्तिबाङ बजारमा नागरिकले पालिकालाई राजश्व तिरे वमोजिम विकास हुन नसकेको, अपाँगता भएका व्यक्तिलाई सवारी यात्रामा सिट सुरक्षितको व्यवस्था गरिनुपर्ने , मालपोत प्रशासन जग्गा खरिद अभियानमा नागरिक तहबाट सक्रियता हुँदै गर्दा स्थानीय तहबाट चासो नदेखाएको, स्थानीय तहले रोजगारी सृजना तर्फ ध्यान दिन नसकेको बताउनु भयो ।

थमनाथ पौडेलले एकवाले नौविसे सडक निर्माण अलपत्र बनेको, शिक्षा शाखाबाट कक्षा ८ को परिक्षा बृद्धिमा इमेसबाट डाटा लिएपनी ग्रेड बृद्धि परिक्षा नभएको, शिक्षकलाई क्षमता विकास तालिम आवस्यक रहेको बताउनु भयो ।

ढोरपाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुर्तिवाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

सहभागिबाट उठेका प्रश्नको विषयमा प्रमुख प्रशासकिय अधिकृत चिरञ्विजी घिमिरेले जवाफ दिँदै बजार अनुगमनमा पालिकाको पनी केहि कमजोरी रहेको स्विकार गर्दै त्यसलाई पालिका, उद्योग बाणिज्य संघ र सम्बन्धित व्यवसायि बसेर छलफल मार्फत अगाडी बढिने बताउनु भयो । भू वर्गिकरणको विषयमा वडा तहमा भएको अन्यौल हटाउन आगामी बर्षमा कार्यक्रम अगाडी बढाउने, सार्वजनिक सौचालय यसै बर्ष निर्माण हुने बताउनु भयो । एकवाले नौविसे सडक रोकिनुको कारण बर्षातको समस्या भएको बताउँदै आफुले तत्काल काम सुरु गर्न आदेश दिइसकेको बताउनु भयो । अपाँगता भएका व्याक्तिको सिट सुरक्षित गर्न व्यवसायि संग बसेर सल्लाह गर्ने बताउनु भयो । आगामी बर्षदेखि एकिकृत कर लागु गर्ने समेत प्रतिबद्धता जनाउनु भयो ।

त्यस्तै शिक्षा शाखा प्रमुख गणेश बहादुर रावलले शिक्षकलाई क्षमता विकास तालिम आगामी बर्ष सञ्चालन गरिने, कक्षा ८ को ग्रेड बृद्धि परिक्षामा न्यून उपलब्धी हासिल गरेका विद्यालयलाई थप परिक्षाका निम्ती विद्यालयलाई जिम्मेवारी दिइएको बताउनु भयो ।

थमनाथ पौडेलले एकबालेमा सडक निर्माण गर्दा सिँचाई कुलो अवरुद्ध भएका कारण मर्मत गर्नूपर्ने, टँक प्रसाद पौडेलले कृषि र पशुपालन मार्फत पालिकालाई आत्मनिर्भर बनाउने कार्यक्रम ल्याउनु पर्ने, विषादि मूक्त पालिका बनाउनु पर्ने, प्रत्यक वडामा नर्सरी वनाउने कार्यक्रम ल्याउनु पर्ने, बजारमा भुस्याहा कुकुर र सडक मानव व्यवस्थापिन गरिनुपर्ने, सवारी साधनको अवस्था चेकजाँच हुनुपर्ने र भाडा समायोजनमा पालिकाले पहल गर्नुपर्ने, पालिकामा नागरिक सहायता कक्षा सञ्चालनमा ल्याउनु पर्ने धारणा राख्नु भयो । स्थानीय जलन कुवँरले बजारमा गाडीको स्पिड बढि हुने गरेका कारण ठुलो दुर्घटना हुन सक्ने भन्दै गाडीको गति सिमित पार्ने कार्यक्रम ल्याउनु पर्ने, मोटर साइकलमा अनियन्त्रित आवाज बजारउने प्रबृर्ति रोक्नुपर्ने, गाउँमा सञ्चालित होम स्टेमा सरसफाई नभएका कारण सचेतना मूलक कार्यक्रम गर्नुपर्ने , गाउँगाउँमा पनी व्यवसाय दर्ता र बजार अनुगमन कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने धारणा राख्नुभयो ।

त्यस्तै दुर्गादेवी घर्तिले महिला लक्षित कार्यक्रम हराउँदै गएको, पालिकाले महिलालाई वे वास्ता गरेको, बजारमा बदशाला निर्माण हुन नसकेको, ढोरपाटन क्षेत्रको प्रचार प्रसार गर्न विभिन्न स्थानमा होडिङ बोर्ड राख्नुपर्ने, बजारमा सौर्य बत्ति जिर्ण भएका कारण मर्मत र केहि स्थानमा थप गरिनुपर्ने सुझाव दिनुभयो ।

सहभागिले उठाएका प्रश्न, जिज्ञासा र सुझावको सन्दर्भमा प्रमुख प्रशासकिय अधिकृत घिमिरेले जवाफ दिँदै पालिकालाई कृषि र पशुमा आत्मनिर्भर बनाउन विभिन्न कार्यक्रम अगाडी बढाइएको, कृषि टनेल विस्तार बाख्रा वितरण, माहुरी घार वितरण, विउपल वितरण, फलफूलका विरुवा वितरण लगाएतका कार्यक्रम भएको बताउनु भयो । त्यस्तै बजार क्षेत्रमा बदशाला निर्माणलाई प्राथमिकता दिइने, आगामी बर्ष महिला लक्षित कार्यक्रमलाई ध्यान दिने, लागु औषद र दुब्यशनी नियन्त्रणमा प्रहरी र विद्यालय संग सहकार्य गरि सचेतना कार्यक्रम अगाडी बढाउन सकिने विषयमा आफु प्रतिबद्ध रहेको बताउँदै आगामी कार्यक्रममा त्यसलाई ध्यान दिएर अगाडी बढ्ने बताउनु भयो ।

अन्य सहभागिबाट उनिहरुले दिएको धारणामा खेलमैदानको व्यवस्थापन हुनुपर्ने, साना साँघुरा सडकको स्तरबृद्धि गरिनुपर्ने, योजना छनौट गर्दा अति प्राथमिकताका आधारमा मात्र गरिनुपर्ने, कामदारको पालिकाभर एकै किसीमको ज्याला निर्धारण गरिनुपर्ने ,यूवाहरुलाई सामुहिक कृषि खेती तर्फ आर्कषित गरिनुपर्ने, कृषि उत्पादनमा बजारीकरणमा सहजता प्रदान गरिदिनुपर्ने, चिस्यान केन्द्र बनाउनुपर्ने र  सञ्चालनमा ल्याउनुपर्ने , लघु उध्यम कार्यक्रम सञ्चालन गरिनुपर्ने ,स्थानीय कृषक उपजलाई बजारीकरणमा सहयोग गरिनुपर्ने , योजनामा प्राविधिक क्वान्टिटी घट्दै गइरहेको लगाएतका विषयमा धारणा, जिज्ञासा र चासो व्यक्त गरेका हुन ।

सहभागिले उठाएका प्रश्नको प्रमुख प्रशासकिय अधिकृत चिरञ्जिवी घिमिरे, रोजगार शाखा प्रमुख हिरालाल खनाल, शिक्षा शाखा प्रमुख गणेश बहादुर रावल, स्वास्थ्य शाखा प्रमुख भुमिश्वर शर्मा कृषि शाखा प्रमुखले चित्त बुझ्दो रुपमा जवाफ दिनुभएको थियो ।

**नगरपालिका बासिहरुको तर्फबाट उठाईएका जिज्ञासाहरु :-**

योजनाको सक्रिय पूर्व अनुगमन हुन नसक्दा गुणस्तमा कमि देखिएको ।

शिक्षा क्षेत्रमा प्रर्याप्त लागनी भएपनी गुणस्तर खस्कँदो रहँदै आएको ।

१. कृषि र पशुपालन क्षेत्रको विस्तार हुन नसकेको

२  जनताको प्रत्यक्ष सरोकार सँग जोडिएको सडक, कृषि प्रयटनमा अपेक्षाकृत प्रगति नदेखिएको

३. स्थानीय जनताको वजेट कार्यान्वयनमा जनप्रतिनिधिहरुको प्रभाव बढी देखिएको राजनैतिक दलहरुसँग समन्यय छलफल नहुने गरेको ।

४. बसपार्कमा सौचालय नबनेको ।

५. नयाँद शहर आयोजना कार्यालयका काम प्रभावकारी र बजेट थप व्यवस्थापन गर्न ध्यान नगएको ।

६. महत्वपूर्ण कार्यक्रममा जनप्रतिनधी उत्तरदायी नभएको ।

७. नियमित रुपमा स्थानीय ग्रामिण क्षेत्र र  बजार क्षेत्रमा अनुगमन, व्यवसाय दर्तामा ध्यान जान नसकेको

८. न्यायिक समिती मार्फत आएका उजुरीी समयमा निरुपण गर्न नसकेको

९ सडक निर्माण गर्दा आवस्यक मापण्डण्ड र कम क्षेती हुने गरी बनाउनु पर्ने ।

१० महिलाको अपनत्व हुने कार्यक्रम ल्यान नसकेको र महिला संग समोन्य नगर्ने गरिएको

१३ वास्तविक कृषकलाई अनुदान र सम्मानका कार्यक्रम ल्याउनु पर्ने ।

१४  अशक्त, असहाय, वेरोजगार व्याक्तिलाई सिप आर्जन, सवारी यात्रामा निश्चत सिट व्यवस्थापन हुनुपर्ने

**सुधारका निम्ती चाल्नुपर्ने कदमहरु :**

# प्रर्यटकिय गन्तब्यको पहिचान गरी थप कार्यक्रम ल्याउनु पर्ने ।

# वाल विवाह रोकथाम र लागुऔषधि नियन्त्रण, दुर्व्यशनीका  समस्याका निम्ती निरन्तर सचेतना मुलक कार्यक्रम सँगै अभिभाब र विद्यालय स्तरमा चेतना बृद्धि हुने कार्यक्रम गर्दे कानुनलाई कडाईका साथ पालना गनुपर्ने ।

#सबै टोलटोलमा सदाबहार सवारीका साधन पुग्ने सडक सञ्जाल जोडिनुपर्ने ।

# गर्भवती सुत्केरीका निम्ती थप प्रोत्साहन कार्यक्रम ल्याउनु पर्ने ।

# युवा, महिला, दलीत समुदायलाई लक्षित गरी गाउँमै रोजगारी सिर्जना हुने खालका प्राविधिक तालिम, सिपमुलक तालिम र ज्ञान बृद्धि गर्ने कार्य अगाडी बदाउनु पर्ने ।

#कृर्षि र प्रर्यटन क्षेत्रलाई प्राथमिकता दिँदै आर्थिक उर्पाजनको माध्यमलाई अगाडी बढाउनु पर्ने ।

#विद्यालय स्तरमा थप प्राविधिक क्षेत्रको अध्ययन अध्यापनलाई विस्तार गर्ने , शिक्षकलाई क्षमता विकास तालिम आवस्यक रहेको

# विशादी मूक्त पालिका बनाउनु पर्ने र कृर्षि र पशुपालमा आत्मनिर्भर हुने कार्यक्रम बनाउनु पर्ने ।

दुर्गम गाउँबस्तिमा स्वास्थ्य सेवाको पहुँच बृद्धि गर्नुपर्ने

जनप्रतिनिधी जनताको विचमा कम पुग्ने गरेका कारण जनताको समस्या बुझ्न नागरिकको घर दैलोमा पुग्नुपर्ने

पालिकालाई अार्थिक रुपमा अगाडी बढाउन आन्तरीक आयलाई बद्धि हुने कार्यक्रम बढाउने , व्यवसाय दर्ता, नविकरणलाई अगाडी बढाउन वडा स्तरमा शिविर सञ्चालन गर्नुपर्ने ।

**<u>* यसबर्ष गरीएका र गरिने थप कार्यक्रम र सुधारका पक्ष</u>**

ढोरपाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुर्तिवाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

* पोषण मैत्री पालिका मार्फत गर्भवती सुत्केरीलाई संस्थागत सेवा अगाडी बढाउन पहल गरिएको

* प्रत्यक वडामा स्वास्थ्य क्षेत्रको विस्तार

* सडक सञ्जाल स्तरउन्नती

* स्वास्थ्य सँस्थामा निशुल्क पाइने सबै प्रकारका औषधिको व्यवस्थापन

* महिला र यूवालाई सिपविकास उद्यम विकास तालिमलाई प्राथमिकता

* स्वास्थ्य, खोप, सरसफाई, सर्ने नसर्ने रोग लगाएतमा सचेतना मुलक कार्यक्रम

* विभिन्न स्थानमा नि: शुल्क स्वास्थ्य शिविर मार्फत आर्थिक अभावमा रोग पालेर बसेका नागरिकको नि:शुल्क उपचार भएको

* कृषकलाई नगदमा प्रोत्साहन,अनुदानमा मिनिटेलर , टनेल वितरण र बाख्रा वितरण कार्यक्रम गरिएको

*ढोरपाटन क्षेत्रको प्रर्यटन प्रर्वधनलाई प्राथमिकता दिइएको

* पोषण मैत्री पालिका बनाउने गरी कार्यक्रम अगाडी बढिरहेको ।

*पूर्ण खोप पालिका घोषणा गरीएको ।

*विद्यालयको भौतिक अवस्था सुधार गरिएको ।

शैक्षिक क्षेत्रको विकासका निम्ती शिक्षक तालिम, परामर्श र अन्तरक्रिया गरिएको

*१२ महिना सञ्चालन हुने गरि सडक सञ्जाल जोड्ने प्रयास भइरहेको ।

*संस्थागत सुत्केरी कार्यक्रमलाई प्राथमिकता दिँदा शत प्रतिशत महिलाहरु स्वास्थ्य संस्थामा सुत्केरी हुने गरेको ।

*पोषणमैत्री कार्यक्रमले गर्दा सरसफाई, कृषि तरकारी खेतिको विस्तार कुपोषण जस्ता समस्याको न्यूनिकरण भइरहेको ।

* विभिन्न स्थानमा बजार अनुगमन गरिएको ।

* महिला लक्षित नारि दिवश र सचेतना मुलक कार्यक्रम गरिएको

*प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत न्यू आय भएका नागरिकलाई रोजगारीमा जोडिएको ।

* एकल महिलाका निम्ती सिरक वितरण गरिएको

बजार क्षेत्रमा सिटि क्यामेरा जडान गरिएको

*डिजिटल प्रोफाईल जडानको काम अन्तिम चरणमा रहेको

*आन्तरिक रोजगारी बृद्धि गर्नका निम्ती ढोरपाटन उद्योग बाणिँज्य संघ संग सहकार्य गरेर आगडी बढिएको ।

*प्रविधिमा आधारित सिप विकास तालिम दिइएको

*विभिन्न सुचकमा ६६ अंक प्राप्त गरी जिल्लामै दोश्रो पालिका बन्न सफल भएको

**सहभागिहरुको जिज्ञासा तथा सुझावलाई कार्यालयको तर्फबाट सम्वोधन गर्ने व्यक्तिहरु :-**

सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागिहरुको तर्फबाट आएका जिज्ञासाहरुलाई प्रमुख प्रशासकिय अधिकृत चिरञ्जिवि घिमिरे, वडा नम्रब १ का अध्यक्ष वान बहादुर छन्त्याल, शिक्षा शाखा प्रमुख गणेश रावल, इलाका प्रहरी कार्यालय बुर्तिबाङका प्रमुख आनन्द वस्नेत, स्वास्थ्य शाखा प्रमुख भुमिश्वर शर्मा, रोजगार संयोजक हिरालाल खनालले क्रमश ले प्रष्ट पार्नु भएको थियो ।

**ढोरपाटन नगरपालिका कार्यालयको प्रतिवद्धता:**

सार्वजनिक सुनुवाईमा नगरपालिका कार्यालय र वडा समितिका तर्फबाट स्थानीय जनतालाई आफ्नो योजना तथा नीति कार्यक्रमहरुलाई प्राथमिकतामा राख्ने, स्थानीय तह अन्तरगत नगरापलिकाको कार्यालयले प्रदान गरेको आर्थिक वर्ष २०८१/०८२ को वजेट कार्यान्वयन तथा कार्यालयले प्रदान गरेको सेवा प्रवाहलाई थप व्यवस्थित प्रभावकारी वनाइने, कार्यालयहरुमा नियम, प्रक्रियाबाट जनता अनविज्ञ हुँदा दुःख पाएको विषयलाई थप व्यवस्थापन गरिने, सार्वजनिक सौचालय बनाइने, महिला लक्षित कार्यक्रममा ध्यान दिइने, शिक्षकलाई क्षमता विकास तालिम दिन कार्यक्रम बनाइने, बजारमा बदशाखा निर्माण गरिने, सरसफाई कार्यक्रमलाई प्रभावकारी बनाइने, गाउँगाउँमा पसल अनुगमन गरिने, विषादिको प्रयोग अन्त्य गर्नका निम्ती पहल गरिने, कृषि र पशु क्षेत्रका विस्तार र बजारीकरणमा थप कार्यक्रम अगाडी बढाइने, उत्तरगंगा माध्यमिक विद्यालयको सामाजिक लेखा परिक्षण र बाँकी रहेका काम पुरा गर्न अगाडी बढिने, न्यायिक समितीमा निक्यौल हुन बाँकी उजुरी टुँगो लगाउने विषयमा प्रतिबद्धता जनाइएको थियो ।

**निष्कर्ष:**

जनउत्तरदायी सरकारको रुपमा आफुलाई परिभाषित गर्ने हो भने जनताको अगाडि गरिने हरेक क्रियाकलापको जस र अपजस दुवै लिन सक्नु पर्छ । समस्या देखि भाग्ने होईन की समाधानको लागि जनताको साथ लिई अग्रणी भूमिका निर्वाह गर्नु पर्छ र समस्या र सवालको उठान तहदेखि निर्णय र कार्यन्वयन तह सम्म कुनै न कुनै रुपमा जनताका प्रतिनिधिको संलग्नता हुनु पर्छ तव मात्र पारदर्शिता र जनसहभागिताको अर्थ र औचित्य हुन्छ र स्थानीय निकायहरु जनता प्रति उत्तरदायि हुन सक्छन् ।

सामुदायिक रेडियो ढोरपाटन र ढोरपाटन नगरपालिका कार्यालय को आयोजनामा सम्पन्न सार्वजनिक सुनुवाई कार्यक्रममा कार्यालयका हरेक योजना, कार्यक्रम र बजेटहरु पालिकाका अधिकाशं जनताले

जानकारी प्राप्त गर्न सफल भएका छन् । कार्यालयले जनमैत्री ढंगले गरेका काम तथा नगरपालिकाले गाउँ सभाबाट विनियोजित आर्थिक वर्ष २०८१/०८२ को वजेट कार्यान्वयन तथा कार्यक्रम सम्पादनका विषयमा जनतालाई कार्यालयका तर्फबाट सूसुचित गर्ने काम सुरुवात भएका छन् ।

**टिप्पणी तथा सुझाव :**

नगरपालिकाको कार्यालयमा जनताले आफ्नो आवश्यकताको माग तथा जन अपेक्षालाई आवश्यकतालाई संधै प्राथमिकतामा राखेर कार्य गर्नु पर्ने र जनउत्तरदायि सरकारको रुपमा आफुलाई स्थापीत गर्नु पर्ने हुँदा यस सार्वजनिक सुनुवाई कार्यक्रमको आधारमा निम्न सुझावहरु दिन चाहन्छौ ।

- नगरपालिकाको कार्यालय र सेवा प्रवाहको सबमन्धमा जनताको गुनासो, आक्रोश नआउने ढंगबाट काम कारवाही गर्नुपर्ने ।
- सार्वजनिक सुनुवाई जस्तो कार्यक्रममा सबै जनप्रतिनिधी जनताप्रति उत्तरदायी बन्न नसकेको ।
- नगरपालिकाको हरेक योजना निति कार्यक्रममा विनियोजित बजेट पारदर्शी ढंगले सम्पादन हुनुपर्ने, जनतालाइ प्रोत्साहन, अहिले काम गरिरहेका जनतालाई आफ्नो पालिकाको विकास निर्माणमा प्रत्यक्ष सहभागी बनाउँदै उनीहरुमा उत्साह भर्ने गरी र आवश्यकतालाई सम्वोधन हुने गरी विनियोजन र अनुदानको व्यवस्था गर्नु पर्ने ।
- जनप्रतिनिधिहरु जनउत्तरदायि बन्नु पर्ने, सेव प्रवाह गर्ने निकायहरु सक्रिय र पारदर्सि बन्नु पर्ने ।
- कृषि क्षेत्रको विस्तारमा आवस्यक थप योजना बनाउनु पर्ने
- जनताको चाहना, आवश्यकता अनुसार योजना निमर्हाण हुनु पर्ने, जनताको सहभागीतामा विकास योजना निर्माण तथा सम्पन्न गर्नु पर्ने ।
- उपभोक्ता समिति मार्फत काम गर्दा सबै सेवा ग्राहीको बीचमा समिति गठन तथा त्यसले गरेका कामहरुमा जनप्रतिनिधिहरुको निगरानी, जन सहभागीतामा गरिनु पर्ने, काम सम्पन्न भएपछि सेवा ग्राहीकै बीचमा सामाजीक परीक्षण गराई वजेट फरछ्यौट गराउनुपर्ने ।

  एक घर एक खानेपानी अभियान , स्वास्थ्य र शिक्षाका कार्यक्रमलाई थप प्रभावकारी वनाउँदै जानुपर्ने

- अति गरीव विपन्न वर्गका निम्ती स्वास्थ्य विमा कार्यक्रमलाई जोड दिनुपर्ने
- कृर्षि क्षेत्रमा थप व्यवस्थापन र उत्पादन सँग जोड्न कृषक अनुदान सम्मान तथा वाली, पशुचौपायाँको निशुल्क वीमा कार्यक्रमलाई जोड दिनुपर्ने
- शैक्षिक गुणस्तरलाई बृद्धि गर्न आवस्यक पहल गरिनुपर्ने
- बदशाला निर्माण गर्नुपर्ने,
- स्थानीय उत्पादनलाई बजारीकरण गर्न कृषि संकलन केन्द्रलाई व्यवस्थित बनाउनु पर्ने

- अधुरा , अपुरा सडक मर्मत गरीनुपर्ने

सालभ्कण्डी ढोरपाटन सडकलाई समयमै काम सक्नका निम्ती पालिकाको तर्फदेखि ताकेता गनुपर्ने

अन्तमा ढोरपाटन नगरपालिकाले ८ बर्षमा जनताको विचमा रचनात्मक तवरले काम गर्दै आएको पाइएको छ । केहि जटिल तथा साना समस्यालाई जनताको आवस्यकता, बजेट र समस्याको आधारमा सम्वोधन गर्दै जाने छ भन्ने अपेक्षा रहेको छ कर्मचारीको काम गर्ने तरीका, जनप्रतिनिधीको आफनो जिम्मेवारी वोध तथा समग्र टिमको कार्ययोजना र सम्पादन प्रति नागरीकको खास गुनासो नभई केवल विकास , अनुदान र सहयोग जस्ता कार्यमा केहि आशा अपेक्षा रहेको पाइएको छ ।

**अनुसूची -२**

**प्रश्नावली भाग -१**

**बुँदा नम्बर ३.६.१ सँग संबन्धित**

**नागरीक प्रतिवेदन (CITIZEN REPORT CARD ) सन्तुष्टि वा असन्तुष्टि जनाउने )**

**ढोरपाटन नगरपालिका बागलुङ**

**२०८१**

उत्तरदाताको नाम र थर : जातजाती :

लिङ्ग: ( ) महिला ( ) पुरुष ( )
उमेर ............................

शिक्षा................................................ पेशा ................................................

ठेगाना.................................................................................... /नगरपालिका ............................
वडा ........... सम्पर्क ...............

१ सेवाको सन्तुष्टि

१.१ तपाइको यस नगर पालिकाबाट समग्रमा कतिको सुन्तुष्टि पाउनु भयो । ?

सन्तुष्ट ( १७ ) ठीकै ( २३ ) असन्तुष्ट ( १० )

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहार प्रति तपाईं कतिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट ( १४ ) ठीकै ( २३ ) अस्तुष्ट ( १३

२ . सेवाको नियमितता :

२.१ नागरीक बडापत्रमा उल्लेख भए अनुसार तपाइले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट ( ११ ) ठीकै ( २९ ) असन्तुष्ट ( १० )

२.२ कार्यालय नियमित रुपमा ( कर्मचारीको उपशि्थती , समय पालना, कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?

विस्वस्त ( १७ ) ठीकै ( २७ ) अविस्वस्त ( ६ )

२.३ तपाँइले सेवालिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?

तिरेको छैन ( २६ ) एकदमै कम ( १५ ) धेरै तिरेको - ९ )

२.४ यस पालिकाबाट सार्वजनिक चासो तथा समस्या समाधान गर्न औषत कति दिन लगाउने गरेको छ ?

१ दिन ( २३ ) २ दिन ( १४ ) धेरै दिन ( १३ )

३. सेवाप्रतिको जनविश्वास :

३.१ तपाइको वडाबाट भएका विकास निर्माण अन्य काम प्रति तपाईं कत्तिको विश्वस्त हुनुहुन्छ ?

विस्वस्त ( २२ ) ठीकै ( १२ ) अविश्वस्त १६ )

३.२ पालिका वा वडाका कर्मचारी प्रति तपाईं कत्तिको विश्वस्त हुनुहुन्छ ?

धेरै ( १३ ) ठीकै ( २१ ) विश्वास छैन ( १६ )

३.३ तपाइको पालिका वा वडाबाट विपन्न, लक्षित वर्गका निम्ती कुनै कार्यक्रम गरेको थाहा पाउनु भयो ?

थाहा छ ( १३ ) थाहा छैन ( १८ ) अलिअलि थाहा छ ( १९ )

सेवाको गुणस्तर :

४.१ तपाईको वडा कार्यालयमा एउटा कामको निम्ती कति पटक धाउनु पऱ्यो ?

१ पटक ( १३ ) २ पटक ( १० ) सो भन्दा बढि ( १७ )

गौरपाटन नगरपालिका
गौरपाटन नगरपालिकाको कार्यालय
बुर्तिबाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

४.२ तपाई पालिका वा वडा कार्यालयमा काम पर्दा कस्को सहयोग लिनुभयो ?

आफै ( २४ ) ठुलाबडाको ( ८ ) मध्यस्थकर्ता ( ८ )

४.२ तपाइ जानु भएको पालिका कार्यलयबाट सेवालिने क्रममा दिइएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट ( २८ ) कम सन्तुष्ट ( ०८ ) असन्तुष्ट ( १४ )

**सेवा सम्वन्धी जानकारी :**

५.१ वडा कार्यालयको भौतिक अवस्था कस्तो छ ?

अति राम्रो( २७ ) ठीकै ( १६ ) नराम्रो ( ७ )

५.२ पालिका कार्यालयमा राखिएको नागरीक बडापत्रबारे तपाइँलाई जानकारी छ ?

छ ( १४ ) आँसिक जानकारी छ ( २४ ) कुनै जानकारी छैन ( १२ )

५.३ कार्यालय र सेवाग्राही बीचको सम्वन्ध कस्तो छ ?

अति राम्रो ( १४ ) ठीकै ( २५ ) खासै राम्रो छैन ( ११ )

५.४ वडामा छनौट गरीने योजना, विकासका काम , बैठक छलफलमा सीमान्त वर्गको उपश्थिती कति प्रतिशत हुने गरेको छ ?

२० प्रतिशत ( २३ ) ५० प्रतिशत ( २३ ) थाहा छैन (४ )

५.५ तपाइँको विचारमा पालिका, कार्यालयमा उजुरी पेटिकाको कुन हदसम्म उपयोग भएको छ ?

धेरै भएको छ ( ०१५ ) ठीकै भएको छ ( १४ ) भएको छैन ( २१ )

सिफारीस सम्वन्धमा :

१.२ कुनै सिफारीसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्‍यो ?

दिएँ ( ८ ) थोरै दिएँ ( २४ ) मागिएन अर्थात दिइन पनी ( १८ ) कति दिनुभयो ( )

२.२ पालिकामा राजश्व अर्थात दस्तुर को को सँग माग्ने गरीएको थाहा पाउनु भयो ?

सबै नागरीक सँग ( १६ )

सीमीत वयक्ति सँग मात्र कर उठाउँछन ( १९ )

धेरै वक्यौता रहने गरेको छ ( ५ )

**पूर्वाधार तथा सरसफाई सम्वन्धी :**

१.१ पालिका र वडा कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?

राम्रो ( ९ ) ठीकै ( २८ ) खराव ( १३ )

१.२ तपाइँको विचारमा पालिकाले सरसफाई सम्वन्धि तथा जनस्वास्थ्य क्षेत्रमा कस्तो काम गरेको पाउनु भयो ?

नियमित र राम्रो संग ( ११ ) ठीकै गर्छ ( २४ ) नियमित रुपमा गर्दैछ ( १५ )

१.३ तपाइको वडा र पालिकामा विकास निर्माणको स्थिती कस्तो छ ?

राम्रो ( १० ) ठीकै ( २५ ) विकास नै भएन ( १५ )

१.४ तपाइको गुनासो, सुझाव सल्लाह र योजना छनौट गर्दा जनप्रतिनिधीले कत्तिको सुनुवाई गर्नुहुन्छ ?

सबैको अपनत्व हुने गरी काम गर्नुहुन्छ ( १८ ) ठीकै ( २१ ) सुनुवाइनै हुँदैन ( ११ )

१.५ वडा र पालिकामा सञ्चालन गरीएको योजना कत्तिको प्रभावकारी छन ?

प्रभावकारी छन ( २१ ) ठीकै छन ( १६ ) प्रभावकारी छैनन ( १३ )

१.६ योजना सम्पन्न पश्चात विल भुक्तानी गर्ने व्यवस्था कस्तो छ ?

सहज ( २६ ) ठीकै ( १० ) अप्ठ्यारो ( १४ )

१.८ योजना जाँचपास गर्दा प्राविधिकलाई पैसा दिनुपर्छ ?

पर्दैन ( ३० ) मागेरै लिन्छन ( ०९ ) रकम नदिए अप्ठ्यरो पार्छन ( ११ )

१.९ गाउँमा योजना सञ्चालन हुँदै गर्दा प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?

सजिलै पाइयो ( २६ ) कहिले काँही पाइयो ( १० ) माग गर्दा पनी पाइएन ( ११ )

१.१० स्थानिय निकायको आचारसँहित पालना भएको छ ?

पालना भएको छ ( १६ ) ठीकै पालना भएको छ ( १३ ) कत्ति पालना भएको छैन ( २१ )

तल दिइएको प्रश्न मध्ये तपाइँको अनुभव राख्नुहोला :

१.१जनप्रतिनिधीको भुमिका तपाइको समुदायमा कस्तो छ ?

राम्रो ( १७ ) वास्तै छैन ( ०९ ) ठीकै ( २४ )

१.२ पालिका प्रमुख, उपप्रमुखको स्थानिय जनताको विचमा भुमिका कस्तो छ ?

राम्रो ( १३ ) जनताप्रति उत्तरदायि नभएको - ९ ) ठीकै ( २८ )

१.३ तपाइको वडामा हुनुपर्ने अवको विकाश निर्माण के हो ?

................सहभागि अनुसार फरक फरक प्रतिवेदन बमोजीम उल्लेख गरिएको.........................................................................................................

१.४ तपाइको पालिकामा सार्वजनिक सुनुवाई कत्तिको भएको पाउनु भयो ?

चौमासीक ( १७ ) अर्धवार्षिक ( १४ ) बार्षिक - ८ ) थाहा छैन ( ११ )

१.५ तपाइको वडा कार्यलयको बार्षिक निति , कार्यक्रम र श्रोतका बारेर जानकारी पाउनु भएको छ ?

जानकारी पाएको छु ( १८ ) ठीकै जानकारी छ ( १८ ) जानकारी पाएको छैन ( १२ )

अनुसूची -३

बहिर्गमन अभिमत ( EXIT POLL ) संकलन गर्ने ढाँचा

बुँदा नम्बर ३.४.१

१. कार्यालय सम्म आइपुग्न लाग्ने समय :

वडा कार्यालय : अधिकतम ३ घण्टा सम्म पैदल यात्रा मार्फत

गाउँपालिका : अधिकतम ७ घण्टा सम्म पैदल यात्रा मार्फत

| सि.नं. | सेवाको नाम | मूल्याँकन- उपयूक्त कोष्ठमा रेजा ( ) लगाउने |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | आफुलाई आवस्यक पर्ने सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाइँलाई जानकारी भयो ? | अति स्पष्ट ७ | ठीकै २६ | अस्पष्ट १७ |
| २ | सेवा प्रदायक कर्मचारीले तपाइको आवस्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै ९ | ठीकै २२ | थोरै १९ |
| ३ | पालिकाको प्रशासन साखाबाट कस्तो सहयोग भयो ? | अति धेरै ७ | ठीकै २७ | थोरै १६ |
| ४ | सेवा प्राप्त गर्न आवस्यक सूचनाहरु ( कागजात, प्रमाणपत्र, विल शुल्क दस्तुर बारे तपाइँलाई सेवा प्रदायक कर्मचारीबाट स्पष्ट पारियो कि पारिएन | अतिस्प्ष्ट पारियो ६ | ठीकै २५ | अलमल हुने गरी अस्पष्ट पारिदिए १९ |
| ५ | तपाइले राख्नु भएको समस्यालाई के कस्तो समाधान दिए ? | अति सजिलो तरिकाले ५ | ठीकै ३५ | वास्तै भएन ७ |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रकृया कस्तो लाग्यो | अति सजिलो ५ | ठीकै ३६ | लामो र झन्झटिलो ७ |

तपाइँको पालिका र वडा कार्यालयको कुन कुन पक्षमा राम्रो लाग्यो, कुन-कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ?

( जो सँग सम्वन्धित छ खुलाउने )

| राम्रा लागेका कुराहरु | सुधार गनुपर्ने विषयहरु |
|---|---|
| प्रतिवेदन बमोजीम | प्रतिवेदन वमोजीम |

प्रतिवेदक : छविलाल पाण्डे

सामुदायिक रेडियो ढोरपाटन

स्टेशन प्रमुख तथा कार्यक्रम सहजकर्ता :

मिति : २०८२/०२/१४ गते